
The Origin of Life in Buddhist View by *Phra sujan Maharjan*

# बुद्धधर्मानुसार नयाँ जीवनको शुरुवात

## (The Origin of Life in Buddhist View)



भावार्थ तथा संकलक

भिक्षु सुजनकीर्ति



**The origin of Life in Buddhist View**

बुद्धधर्मानुसार नयाँ जीवनको शुरुवात

✍Assist. Prof. Dr. Banjob Bannaruji

✍ भावार्थ तथा संकलक भिक्षु सुजनकीर्ति

**प्रथम संस्करण**

बुद्ध सम्बत २५४८

इसवी सम्बत २००५

कम्प्यूर सेटिङ्ग : भिक्षु सुजनकीति, बैंकक

प्रकाशक

थाई नेपाल बौद्ध समाज

बैंकक, थाईलैण्ड

२००५



Downloaded from http://www.dhamma.digital

# The Origin of Life in Buddhist View by *Phra sujan Maharjan*

## भूमिका

मानीसको जीवन कसरी शुरु हुन्छ ? यो प्रश्न धेरैको मनमा अवस्य नै उठेको होला । यस्को उत्तर कहिले चित्त बुझ्दो होला त कहिले अबुझ्दो तर पनि मन बुझाएर बस्नु पर्ने भएको हुन्छ । यस विषयमा आजभोलि धेरै अध्ययन अनुसन्धान कार्य भइरहेको देखीन्छ । त्यसैले हाम्रो जीवनको शुरुवातको विषयमा धेरैजसो बैज्ञानिक अनुसन्धानानुसार अध्ययन गर्ने गरेको देखिन्छ । यसैको सन्दर्भमा यहाँ बुद्धधर्मको तर्फबाट केहि जानकारीहरु प्रस्तुत गर्दैछु ।

यो पुस्तिका Assist. Prof. Dr. Banjob Bannaruji द्वारा लेख्नु भएको The Origin of Life in Buddhist View अर्थात **"बुद्धधर्मानुसार नयाँ जीवनको शुरुवात"** लेख आर्कषक र अध्ययन योग्य भएको देखेर नेपाली भाषामा अनुवाद गरेको थिए । उक्त अनुवाद धर्मकीर्ति पत्रिका (-बर्ष २२ । अंक ४, २०५१) मार्फत प्रकाशित भएको थियो । सोही लेखलाई अझ ज्ञान बर्दक होस भनी बैज्ञानिक र बुद्धधर्मानुसार तुलनात्मक लेख संकलन गरेको छ । यस लेखमा बैज्ञानिक पक्षहरु र बौद्ध पक्षहरु सहित छोटकरीमा छलफल गरीएको छ । यस लेखमा विशेष गरेर बौद्ध पक्षहरुलाई बौद्धग्रन्थहरु संकलन गरेर प्रष्ट्याइएको छ । यो लेख आनन्दभूमि पत्रिका (-बर्ष ३२। अंक ३,



२०६१) मार्फत प्रकाशन भएको थियो । लगतै त्यही लेख नेवारी भाषामा साप्ताहिक पत्रिका लकस (वा:पौ ने.सं. ११२४ दिल्लाथ्व) कीर्तिपूरले अनुवाद गरी प्रकाशन गरेको थियो । यि विभिन्न समयमा प्रकाशित भएका लेखहरुलाई संकलन गरी केहि कुराहरुलाई बढाएर यो लघू पुस्तीका तपाईहरुको समक्ष प्रस्तुत गर्दैछु ।

यसकार्यमा अनुवाद गरी प्रकाशन गर्न अनुमति दिनुहुने Prof. Dr. Banjob Bannaruji ज्यूलाई धेरै साधुवाद ! साथै मलाई थाईलैण्डमा बस्न र पढ्न सहयोग गर्दै आउन भएका मेरा गरु सोमदेज फ्रा महाराजमंगलाचार्य ज्यूमा सादर साधुवाद, तथा मलाई लेख लेख्न सधैं प्रोत्साहित दिरहनु हुने दिवंगत पूज्य भिक्षु सुदर्शन महास्थविर ज्यू पनि यस कार्यमा स्मरणीय हुनुहुन्छ । साथै यस कार्य गर्नमा सहयोगी तथा हौसला दिनुहुने सम्पूर्ण धर्ममित्रमा मेरो साधुकार !

भिक्षु सुजनकीर्ति



Downloaded from http://www.dhamma.digital

# The Origin of Life in Buddhist View by *Phra sujan Maharjan*

## विषय सूची


**क. पहिलो भाग**

१. **The origin of Life in Buddhist View** १

✍ Assist. Prof. Dr. Banjob Bannaruji

२. बुद्धधर्मानुसार नयाँ जीवनको शुरुवात ६

☞ भावानुवाद भिक्षु सुजनकीर्ति

**ख. दोश्रो भाग**


१. बुद्धधर्मानुसार नयाँ जीवनको शुरुवात १२

✎ नेपाली भाषा

२. बुद्धधर्म कथं न्हुगू जीवनया शुरुवात २५

✎ नेवारी भाषं



**किच्छो मनुस्सपटिलाभो किच्छं मच्चान जीवितं**
**किच्छं सद्धम्मस्सवनं किच्छो बुद्धानमुप्पदो ।**

**Kiccho Manussapatilabho, Kiccham maccana jivitam**
**Kiccham saddhammasavanam, Kiccho buddhanam uppado**

मनुष्य योनीमा जन्म लिनु दुर्लभ छ, जन्मेर पनि जीवित रहनु अझ कठिन छ । जीवित रहे पनि धर्म श्रवण गर्नपाउनु कठिन छ । औ बुद्धको जन्म हुनु पति दर्लभ छ ।

Rare is birth as a human being. Hard is the life of mortals.
Hard is the hearing of the sublime truth.
Rare is the appearance of the Buddhas.

मनुजुया जन्ह जुइगु दुर्लभ खः, सिइमानिगु जीवनय् म्वाना च्वने दुगु नं दुर्लभ खः, सद्धर्म श्रवण यायेगु नं दुर्लभ खः, बुद्धपिनिगु प्रार्दुभाव जुइगु नं दुर्लभ खः ।

धम्मपद । **Dhp. 182**



Downloaded from http://www.dhamma.digital

# The Origin of Life in Buddhist View by *Phra sujan Maharjan*

## THE ORIGIN OF LIFE IN BUDDHIST VIEW

**By Assist. Prof. Dr. Banjob Bannaruji**

In the Paticcasamuppada, there is a sentence "…Vinnanapaccaya nama-rupam…" It means that depending on vinnana, nama-rupa arises. In the perspective, nama-rupa is life.


In the Mahatanhasankhaya Sutta, human life comes from 3 factors: (1) Parental sexual relation, (2) Mother's readiness to be pregnant, (3) New life entering the mother's womb.

"New life" is an easy translation of the word Gandhabba, which mean certain being. According to the Buddhist tradition, beings fall within the circle of life, birth and death.

How does new life enter the mother's womb? For this question, the following conversation in the Mahanidana Sutta between the Buddha and Ananda, his personal attendant, gives us answer:

Dhamma.Digital

Buddha: "I have said: 'Consciousness conditions mind-and-body (nama-rupa)… if consciousness were not to come into the mother's womb, would mind – and – body (Namrupa) develop there?"




Ananda : "No, Lord."

Buddha: "Or if consciousness, having entered the mother's womb, were to be deflected, would mind-and-body come to birth in this life?"

Ananda : "No, Lord."

Buddha : "And, Ananda ! if the consciousness of such a tender young being, boy or girl, were thus cut off, would mind-and-body grow, develop and mature?"

Ananda : "No, Lord."





Downloaded from http://www.dhamma.digital

# The Origin of Life in Buddhist View by *Phra sujan Maharjan*

Buddha: "Therefore, Ananda, just this, namely consciousness, is the root, the cause, the origin, the condition of mind-and-body."

The conversation discloses that entering mother's womb of beings appears in a state of consciousness. It is called the Patisandhi-vinnana (birth-consciousness). Naturally, the Patisandhi-vinnan and so on are of 4 characteristics:

1. Formless
2. Far going,
3. Appearing and disappearing from moment to moment,
4. Having body as the resting places

The mother's womb is the resting-place of a fertilized egg or zygote, which comes of the mixure of father's sperm and mother's ovum. The zygote is kalala in Pali. After that, the kalala gradually develops step by step and becomes a full human being. In the **Indake Sutta**, the Buddha mentioned the stages of development:



First there is the **kalala**;
From the kalala comes the **abbuda**;
From the abbuda the **pesi** is produced;
From the pesi the **ghana** arises;
From the ghana emerges the **limbs,**
**the head-hair, body-hair, and nails**.
And whatever food the mother eats
The meals and drink that she consumes
By this the being there is maintained,
The person inside the mother's womb

The Saratthapakasini, the commentary of the sutta, explains that each stage of the development lasts one week and continues until 42 weeks (i.e. 10 months, or 294 days).

When does human life start ? The answer is given : "Human life starts as soon as the birht-consciousness (patisandhi-vinnana) appears in the mother's womb (focusins on the kalala) and then disappears, life-consciousness (bhavanga-vinnana) continues and conditions 3 forms (rupas)-body, heart, and sex."




Downloaded from http://www.dhamma.digital

# The Origin of Life in Buddhist View by *Phra sujan Maharjan*

The answer is elaborated that the kalala in the mother's womb is very subtle and unseen with eyes. However, it is the resting place of the birth-consciousness and life-consciousness, and life-consciousness itself conditions 3 forms from it. So **human life starts at the stage of kalala and does as soon as birth-consciousness works on it.**

**The complete kalala (fertilized egg) is new life.** Anyone destroys it, he kills a man. His action is sin. If he is a monk, he gets the Defeat and loses his monkhood.






## बुद्ध धर्मानुसार नयाँ जीवनको शुरुवात

लेखक - Assist. Prof. Dr. Banjob Bannaruji

पतिच्चसमुपाद सूत्रमा एउटा वाक्य भनिएको छ :...**विञ्ञाण पच्चया नामरुपं**... अर्थात विञ्ञाणको कारण नामरुपको उत्पति हुन्छ (Depending on Vinnana, Name Rupa arises)। त्यसैले बुद्धधर्मानुसार जीवन नै यो विञ्ञाण (विज्ञान) सहित नामरुपलाई बुझिन्छ।

त्यसैगरी त्रिपिटकको सूत्रपिटकको महातण्हासंख्यासूत्रमा भगवान बुद्धले मानिसको नयाँ जीवन तिन अंगको पूर्ण पश्चात उत्पति हुन्छ भन्नुभएको छ। ती अंगहरु -

१. बुबा आमा बीच शारीरिक सम्पर्क हुनु।
(Parental Sexual Relation)

२. आमा गर्भवती लायक समय हुनु
(Mother's readiness to be pregent)

३. आमाको गर्भमा गन्धब्बले प्रवेश गर्नु।
(New life entering the mother's womb)

नयाँ जीवन पाली शब्दको सरल भावार्थ हो र यसले सम्पुर्ण सत्वलाई नै जनाउँछ। बुद्धधर्मानुसार सम्पूर्ण प्राणीहरुको जीवन एक प्रकारको भवचक्र हो, जुन सबै प्राणीहरु जन्मनु र मर्नु नै पर्दछ।



Dhamma.Digital

Downloaded from http://www.dhamma.digital

# The Origin of Life in Buddhist View by *Phra sujan Maharjan*

मानिसको नयाँ जीवन आमाको कोखमा कसरी प्रवेश गर्दछ ? र गन्धब्ब कसरी हाम्रो शरीरमा विकास हुन्छ ? यस प्रश्नको उत्तर बुद्धले भिक्षु आनन्दलाई प्रष्ट रुपमा दिनु भएको छ । उक्त वार्तालाप प्रवित्र त्रिपिटकको दीघनिकायको महानिदान सुत्रमा अंकित भएको छ ।

"...**विञ्ञाणको कारण नाम (-मन) रुप (-शरीर) को उत्पति हुन्छ,** ... यदि विञ्ञाण (चित्त सन्तति जीव) आमाको कोखमा नआएको भए के मन र शरीको उत्पति हुन सक्ला ?"

"उत्पति हुन सक्दैन भन्ते ।"

"पुनः यदि विञ्ञाण आमाको कोखमा प्रवेश गर्यो तर परिवर्तन भएर निस्क्यो (-गर्भपात) भने के मन र शरीरको उत्पति हुन सक्ला ?"

"हुन सक्दैन भन्ते ।"


"...र विञ्ञाण आमाको गर्भमा उत्पति भएर कुमार वा कुमारी भईसके पछि यदि विञ्ञाण छिन्न भिन्न भएर गएमा के मन र शरीरको वृद्धि र विकास हुने अवसर पाउन सक्ला ?"

"पाउन सक्दैन भन्ते ।"

"... त्यसैले यी कारणहरुले गर्दा विञ्ञाण नै नाम (-मन) र रुप (-शरीर) को मूलहेतु (Root) हो । नाम रुप उत्पतिको प्रमुख कारण (Cause) हो । नाम र रुपको यथार्थ स्वरुप (Origin) र स्वभाव (Condition) नै विञ्ञाणको कारण हो ।"

Dhamma.Digital






यो वार्तालापबाट कुनै पनि नयाँ सत्वको जन्म आमा बुबा बीचको शारीरिक सम्पर्क सहित विञ्ञाणले प्रवेश गरेपश्चात शुरु हुन्छ भन्ने प्रष्ट हुन्छ । यो प्रवेश जनक विञ्ञाणलाई पतिसन्धि विञ्ञाण (Pastisandhi Vinnana) वा प्रतिसन्धि विज्ञान अर्थात् नयाँ जन्मरुपी विज्ञान (Birth consciousness) भनिन्छ ।

त्रिपिटकको खुद्दकनिकायमा प्रतिसन्धि विज्ञानको प्राकृतिक स्वभावलाई ४ प्रकारको लक्षणले युक्त भनिएकोछ । ति हुन् -

१. विना रुपको वा शरीर नभएको (Formless)

२. सर्वत्र जाने वा टाढा टाढा जाने (Far going)

३. प्रतिक्षण उदय व्यय (appearing and disappearing moment to moment)



Downloaded from http://www.dhamma.digital

४. शरीर रुपी गुफामा बास बस्ने (Having body as the resting place)

त्यसैले आमाको कोखमा प्रवेश गर्ने विज्ञान नै नयाँ जीव वा कुनै पनि सत्वको नयाँ जीवनको शुरुवात हो । तर आमाको कोख त्यो विज्ञानको क्षणिक आरामको ठाउँ मात्र हो । विज्ञानको प्रवेशसँगै नयाँ सत्व जन्माउने फुललाई (विर्य) उब्जाउ गरिन्छ (Fertilized egg or Zygote) जहाँ बुबाको शुक्रकिट (Sperm) आमाको गर्भासयको भ्रूणकोषमा (Ovum) मिसिन पुग्दछ ।

Zygote अथवा युग्मशुक्रकिटलाई बुद्धधर्मानुसार कलल (Kalala) भनिन्छ । त्यसपछि त्यो कलल (शुक्रकिट) आमाको कोखमा उचित वातावरण पाएपछि विस्तारै विकास हुँदै बृद्धि भई पूर्ण रुपमा विकास भएको स्थिति नै मानिसको पूर्ण रुप हो । त्रिपिटकको सुत्रपिटकको संयुक्त निकायको इन्दक सुत्रमा (सं.स. १५।८०३।३०३ थाई) आमाको कोखमा यो शुक्रकिटको विकासको बारेमा बुद्धले यसरी वर्णन गर्नुभएको छ ।

> "... सर्वप्रथम कलल हुन्छ, त्यसपछि अब्बुद । अब्बुदबाट पेशीमा विकास हुन्छ, त्यसपछि घन । घनबाट पञ्चशाखामा, र पछि बाँकि अंग रौं नंग आदिको विकास हुन्छ ।

... आमाको कोखमा रहुन्जेल आमाले परिभोग गरेको खानेकुरा नै गर्भमा रहेको सत्व (-बच्चा) को आहारा हुन्छ ।"



यो सुत्रानुसार मानिसको उत्पतिमा प्रथमतः बुबा आमाविचको शुक्रकिट मिश्रण कललको उत्पति हुन्छ । यो कललबाट विकास भई अब्बुदमा परिणत हुन्छ । यो कललबाट विकास भएको अब्बुद पनि विकास भई पेशीमा परिणत हुन्छ । पेशीमा विकास भएपछि घनमा विकास हुन्छ । घनबाट पाँच शाखाहरुमा विकास हुन्छ । पंचशाखाको विकास पश्चात् अरु बाँकि अंगहरु जस्तै रौं नंगहरुको विकास हुन्छ । यसरी आमाको कोखमा ९ देखि १० महिनासम्म बस्दा आवश्यक पोषण पदार्थ आमाले परिभोग गरेको खानेकुरा नै त्यो सत्व (-बच्चा) को आहार हुन्छ । त्यसैले गर्भवति आमालाई पोषिलो खानेकुराहरु खुवाउने गरिन्छ ।

आमाको गर्भमा रहेको बालकको विकास हरेक हप्तामा परिवर्तन भएको हुन्छ । सर्वप्रथम कललबाट एकहप्ता पछि अब्बुदमा, अब्बुदबाट एकहप्ता पछि पेशीमा, पेशीबाट घनमा, घनबाट पंचशाखामा, पंचशाखाबाट बाँकी अंगहरु जस्तै रौं नंग आदिहरुको विकास हरेक सात दिनमा हुने गर्दछ । त्यसैले कललबाट एक बच्चाको (सत्व) पूर्ण विकसित हुन ४२ हप्ता (१० महिना = २९४ दिन लाग्दछ र जन्मन लायकावस्था हुने छ भनि सारत्थपकासिनीअट्ठकथाले प्रष्टयाउँदछ ।

त्यसैकारणले मानिसको नयाँ जीवनको शुरुवात कहिले हुन्छ भन्ने प्रश्नको उत्तरमा हामी सजिलै भन्नसक्दछौ कि मानिसको नयाँ जीवन जतिबेला बुबा आमा बीच शारीरिक सम्पर्क हुन्छ र प्रतिसन्धि विज्ञान



Downloaded from http://www.dhamma.digital

आमाको गर्भासयमा प्रवेश गर्दछ । त्यही नै मानिसको नयाँ जीवनको शुरुवाट हो । त्यसपछि प्रतिसन्धि विज्ञान विलाएर भवंग विज्ञानमा परिवर्तन भई नाम, रुप सहित मुटु र लिंग गरी तिन प्रकारको विकास पश्चातको पूर्णरुप र आमाको कोखाबाट जन्म लिएको नै हरेक मानिसको नयाँ जीवनको लागी कर्मभूमिको शुरुवात हो ।


32-30 weeks





यसबाट हामी थाहा पाउन सक्दछौं कि आमाको कोखमा रहेको कलल अति नै नरम शुक्ष्म र दुरन्वेषीय छ । तरपनि यो ठाउँ दुबै प्रतिसन्धि विञ्ञाण र भवंग विञ्ञाणको वासस्थान हो । त्यसैले मानिसको जीवन यो कललको उत्पतिसँगै भइसकेको हुन्छ ।

कललको पूर्णरुप नै एक नयाँ जीवन हो । यदि कसैले यस कललाई नष्ट वा गर्भपात गरे प्राणीघात ठहरिन्छ । यो कार्य बुद्धधर्मानुसार एक अकुशल कार्य हो र यो कार्यलाई मानिसको ज्यान लिएको बराबर मानिन्छ ।






Dhamma.Digital

Downloaded from http://www.dhamma.digital

# The Origin of Life in Buddhist View by *Phra sujan Maharjan*

## दोश्रो भाग : वर्णन

नेपाली भाषा & नेवाः भाषं



**गब्भमेके उप्पज्जन्ति , निरयं पापकम्मिनो**
**सग्गं सुगतिनो यन्ति, परिनिब्बन्ति अनासवा ॥**

कोहि गर्भमा उत्पन्न हुन्छ, पापीहरु नरकमा उत्पति हुने गर्दछ, पुण्य गर्नेहरु स्वर्गमा उत्पन्न हुन्छन । आश्रव मुक्ति परिनिर्बाण हुनुहुन्छ ।

धम्मपद १२६, पाप वर्ग



नेपाली भाषामा

## बुद्ध धर्मानुसार नयाँ जीवनको सुरुवात

सिद्धार्थ गौतम बुद्ध आजभन्दा २६०० वर्ष अगाडि जम्बुद्विपको उत्तरीभाग आजको नेपालस्थित लुम्बिनीमा जन्मनुभएको थियो । राजकुमार सिद्धार्थ विभिन्न शिल्पविद्यामा निपूर्ण हुनुहुन्थ्यो । ऐश-आराममा जीवन बिताउनुभएको थियो । तर यो सांसारिक जीवनबाट विरक्त भई २९ वर्षको उमेरमा राजदरवार त्यागेर श्रमणत्व (= महाभिनिष्क्रमण) धारणा गर्नुभयो । ६ वर्षको अथक प्रयासपश्चात् उहाँले ज्ञानप्राप्त गरी सम्यक् सम्बुद्ध हुनुभयो । उहाँ सम्यक् सम्बुद्ध हुनुभएको ७ हप्तापछि सारनाथमा सर्वप्रथम पञ्चवर्गीय भिक्षुहरुलाई धर्मदेशना गर्नुभयो । त्यसपछि सम्यक् सम्बोधि प्राप्त दिनदेखि ४५ वर्षसम्म विभिन्न गाउँ, नगर, सहर, जनपद आदि ठाउँमा धर्मदेशना गर्नुभयो । दुःख मुक्तिको बाटो ब्रम्हादि देव र मनुष्यलाई देखाउनुभयो ।


भगवान् बुद्धले दिनुभएको उपदेशहरुमा प्रमुख उपदेशहरु चार आर्यसत्य, पटिच्चसमुप्पाद र त्रिलक्षण (= अनित्य, दुःख र अनात्म) हो । अरु धर्महरु सबै यसैमा सम्बन्धित वा भित्र रहेका हुन । जे होस् बुद्धले



Downloaded from http://www.dhamma.digital

८४,००० धर्मग्रन्थलाई संसारसामू दिइराखेतापनि बुद्धधर्मको एउटै मात्र उद्देश्य छ, त्यो हो दुःख अन्त्य गरेर निर्वाण प्राप्त गरी परमत्थसुख पाउनु ।

भगवान् बुद्धले जीवनभर (४५ वर्ष) दुःखको बारेमा उपदेशहरु दिनुभएता पनि उहाँ दुःखवादी हुनुहुन्न । उहाँले दुःख कसरी उत्पन्न हुन्छ (= दुःख समुदय) र दुःख अन्त्य गर्ने बाटो पनि देखाउनु भएको छ (दुःख निरोध गामिनी पटिपदा) । बुद्धले विभिन्न प्रकारले दुःखको व्याख्यान गर्नुभई तीनलाई ११ प्रकारका दुःख छन् भनी भन्नुभएको छ । तर छोटकरीमा भन्ने हो भने यो दुःख भनेको पञ्च उपादान खन्ध (= रुप, वेदना, संज्ञा, संस्कार र विज्ञाना) हो । त्यसैले दुःखको मूल श्रोत नै पञ्चस्कन्ध हो । पञ्चस्कन्ध नै बुद्धधर्मानुसार जीवन हो ।




अब प्रश्न उठ्छ कि सम्पूर्ण दुःख नै यो जीवनको उत्पत्तिसँगै आउँदछ भने मानिसको जीवन कसरी सुरु भयो त ? मानिस कहाँबाट आयो ? मानिसको जीवन कहिलेदेखि प्रारम्भ हुन्छ ?

भगवान् बुद्धका महत्वपूर्ण उपदेशहरुमा प्रतीत्यसमुत्पाद पनि एक हो । प्रतीत्यसमुत्पादमा एउटा वाक्य भनिएको छ ...विञ्ञाणपच्चया नामरुपं... अर्थात् विज्ञाणको कारणले नामरुपको उत्पत्ति हुन्छ । विञ्ञाण, भनेको विज्ञान वा चेतना अथवा बुझ्ने मन, पच्चया भनेको सम्बन्धित वा आधार र नामरुप भनेको जीवन हो (नाम= मन, रुप= शरीर) अथवा मानिसको जीवन विज्ञानको कारण प्रारम्भ हुन्छ । त्यसैगरी पवित्र बौद्ध ग्रन्थ त्रिपिटकको सूत्रपिटक मज्झिमनिकायमा रहेको महातण्हासंख्यासूत्रमा भगवान् बुद्धले मानिसको जीवन तीन अंगको पूर्णले हुन्छ भनी भन्नुभएको छ । ती हुन् ।

१. **मातापितरो सन्निपाता होन्ति** अर्थात आमाबुबाबिच पारिवारिक शारीरिक सम्पर्क हुनु (Parental Sexual Relation)
२. **माता उतुनी होन्ती** अर्थात आमा गर्भवती हुन लायक समय (Mother's readiness to be pregnant)
३. **गन्धब्बो पच्चुपत्दितो होन्ति** अर्थात आमाको गर्भमा नयाँ गन्धर्बको उत्पत्ति (New life entering the mother's womb)

- म.मू. १३/४५२/४८७ (थाई)

यी तीन अंगको पूर्णता नै नयाँ जीवन हो । **"नयाँ जीवन"** पालि शब्द गन्धब्बको पर्यायवाची शब्द वा त्यसको सरल अर्थ हो । यसबाट मानिसको मात्र जीवन नभई सम्पूर्ण सत्वलोकलाई जनाउँदछ । सत्वहरु वा प्राणीहरु चाहे मानिस होस् वा जनावर सबैको एकै प्रकारको भवचक्र रहेको




Downloaded from http://www.dhamma.digital

हुन्छ, त्यो हो जन्मनु र मर्नु ! जतिबेला प्राणीले नयाँ जन्म लिन्छ, निश्चय नै त्यो मर्नु पर्दछ । जन्मनु र मर्नुपर्ने यो स्वभाविक धर्म हो । जति बेलासम्म राग, द्वेष र मोह पूर्णरुपमा नष्ट हुँदैन त्यसबेलासम्म उसले पुनः जन्म लिनै पर्दछ ।

यहाँ अर्को प्रश्न उठ्छ कि आमाको गर्भासयमा कसरी नयाँ जीवनको उत्पति भयो र विकास भयो त ? यो प्रश्नको उत्तर सूत्रपिटकमा रहेको महानिदान सूत्रबाट प्रष्ट हुन्छ ।

बुद्ध :- "आनन्द ! जुन (मैले) विज्ञानको कारण नाम रुप उत्पति हुन्छ भनेको हो त्यो विज्ञानको कारणले हुने नाम रुपलाई यसरी सम्झनु पर्छ । यदि विज्ञान (विञ्ञाण) आमाको कोखमा नआएको भए यो नाम रुप संचित हुन सक्ला ?

आनन्द :- उत्पति हुन सक्दैन भगवान् !

बुद्ध :- अथवा यदि विञ्ञाण आमाको गर्भमा प्रवेश गरेर परिवर्तन गर्भपात भयो (निस्क्यो) । के नाम रुपको उत्पति हुनसक्ला ?

आनन्द :- हुन सक्दैन भगवान् ।


बुद्ध :- यदि विञ्ञाण आमाको गर्भमा उत्पति भएर कुमार र कुमारी भईसक्दा विञ्ञाण नष्ट वा छिन्न भिन्न भएमा के नामरुपको बृद्धि वा विपुलता पाउने अवसर पाउन सक्ला ?

आनन्द :- पाउन सक्दैन भगवान् ।



बुद्ध :- आनन्द ! त्यसैले विज्ञान नै नाम रुपको कारण वा मूलहेतु हो (विञ्ञाणपच्चया नामरुपं)।

त्यसकारण विज्ञान नामरुपको मूल हेतु, यस्को उत्पतिको प्रमख कारण हो, यथार्थ रुप, नामरुपको स्वभाव हो । यो वार्तालापबाट सत्वहरुको जन्मको मूल हेतु नै विज्ञान हो अथवा आमाको कोखमा जन्म लिएको विज्ञानको फल नै हामी मानिस भएर आउँछौ । आमाको गर्भमा प्रवेश गर्ने विञ्ञाणलाई प्रतिसन्धि विज्ञान अथवा जन्मरुपी विञ्ञाण (Birth Consciousness) भनिन्छ ।




**यहां पतिसन्धि विञ्ञाणको प्राकृतिक स्वभाव ४ प्रकारका छन् ।**

१. विना रुपको (Formless)
२. सर्वत्र जाने (Far going)
३. प्रतिक्षण उदय व्यय (Appearing and disappearing moment to moment)



Downloaded from http://www.dhamma.digital

४. शरीरमा बस्ने (Having body as the resting place)

- खु.ध. २५/१३/२०

आमाको गर्भाशय (कोख) नै विञ्ञाण (चित्त सन्तति जीव) को क्षणिक आरामको ठाउँ हो । जहाँ सत्वहरु जन्माउने फूल (= वीर्य) लाई उब्जाउ गरिन्छ । (Fertilized egg or Zygote) जुन बुबा पट्टिको विर्य (=SPERM) र आमाको भ्रुण (OVUM) को एक मिश्रण हो । यसैलाई बुद्धधर्ममा कलला भनिन्छ ।

यो मिश्रण पश्चातको कलला वा अण्डाको आकार ०.१२५ मिलिमिटर हुन्छ। यसभित्र Chromosomes हुन्छ । यस्मा ०. ००००२ आकारको Genes हुन्छ जस्ले वंशानुगुणलाई बोकर ल्याएको हुन्छ । यो Chromosomes २३ जोडा हुन्छ र Chromosomes X र Y र गरी Sex छुट्याइएको हुन्छ भनि बैज्ञानिकहरु भन्छन ।

जब Sperm आमाको Ovumlation मा जान्छ त्यसमध्येमा एउटा Spermatozoa आमाको Cell membrance मा भित्र पस्न सक्षम हुन्छ र पुच्छर बाहिर भएको हुन्छ । त्यसपछि बिस्तारै रुप परिवर्तन हुदै Morula, Blastocyst हुदै एकबाट दुई दुईबाट चार हुदै बिकास हुदै जान्छ ।

Zygote अथवा युग्म शुक्रकिट पतिसन्धि विज्ञान देखी २ हप्ताको अवधिलाई बौद्ध वाङ्गमयमा कलल भनिन्छ । बौद्ध व्याक्ख्यानानुसार त्यो कलल सात दिन पश्चात् विस्तारै विकास हुँदै पूर्णरुपमा विकसित हुने



स्वरुप नै मानिस हो । यो विकासको क्रमलाई बुद्धले इन्द्रक यक्षलाई कसरी मानिसको जन्म र विकाश गर्भाशय भित्र हुन्छ भन्ने प्रश्नको उत्तर इन्दक सूत्रमा प्रष्ट पार्नु भएको छ । यस सूत्रमा कसरी शूक्रकिटको उत्पति र विकास हुन्छ भन्ने बारेमा यसरी वर्णन गरेको पाइन्छ ।

**"पठमं कललं होति कलला होति अब्बुदं,**
**अब्बुदा जायते पेसि पेसि निब्बत्तती घनो**
**घना पसाखा जायन्ति केसा लोमा नखा' पि च ॥"**

"सर्वप्रथम कलल हुन्छ, कललाबाट अब्बुदमा विकास हुन्छ । अब्बुदबाट पेशी पेशीबाट घन हुन्छ । घनबाट पाचशाखाको विकास संगै अरु अंग प्रत्यँगको विकास पछि रौ नङ्ग आदिको उत्पत्ति हुन्छ ।"

- सं.स. १५/८०३/३०३ (थाई) - सं.स. इन्दक सूत्र - २३३ (नेपाली)

त्यसकारण एक मानिस उत्पत्तिको सुरुवात आमाको गर्भमा शुक्रकिट OVUM मा मिसिसकेपछि बन्ने एक Zygote वा कललाबाट सुरु हुन्छ । त्यो कलला विकास भएर सातदिन पछि अब्बुद, अब्बुद पछि पेशीमा विकास हुन्छ । पेशीमा विकास भएको सातदिन पछि घनमा र घनबाट पञ्चशाखामा विकास हुन्छ । पञ्चशाखामा विकास भइसकेपछि विस्तारै नङ्ग, रौं आदिको विकास भएर आउँदछ । यसरी आमाको गर्भमा एक बालक ९-१० महिनासम्म बस्दछ । यसरी ९-१० महिनासम्म गर्भमा रहँदा कसरी जीवित रहन सक्छ ? के खाएर बस्छ त भन्ने प्रश्न उठ्न




Downloaded from http://www.dhamma.digital

सक्छ, यस प्रश्नको उत्तर पनि बुद्धले उक्त इन्दक सूत्रमा यसरी प्रष्ट पार्नु भएको छ ।

**यञ्चस्स भुञ्जति माता अन्नं पानञ्च भोजनं**

**तेन सो तत्थ धापेति मातुचुच्छिग्गतो नरो ॥**

आमाले खाने पिउने सबै खानेकुराहरु नै गर्भमा रहेको बालक सत्व (= बच्चा) को आहार हुनेछ ।" त्यसकारण गर्भवती आमाले परिभोग गरेको आहार नै त्यो बच्चालाई पोषण गर्दछ वा परिभोग गर्दछ ।




यहाँ मानिसको सुरुवात कललाबाट सुरु हुन्छ मात्र भनेमा सायद अलि अबुभ्दो हुनसक्छ । त्यो कलला कस्तो छ ? कसरी विकास हुन्छ भन्ने प्रश्नहरु उठ्न सक्छ । यो कलला कस्तो छ र




कसरी विकास हुन्छ भन्ने बारेमा अभिधम्मत्थविभाविनीटिकामा प्रष्ट्याइएको पाइन्छ । उक्त ग्रन्थमा कललालाई त्यसको आकार प्रकारलाई तीन भागमा विभाजन गरिएको छ ।

१. **कायदस्सक** (**शरीरको भाग**)

२. **वत्थुदस्सक** (**मस्तिष्कको आकारको भाग**)

३. **भाव दस्सक** (**लिङ्ग छुट्याईको भाग**)

यी तीन लक्षणहरु कललामा रहेको हुन्छ, र यी तिन प्रकारका आकार वा भागको कमी भएमा कलला हुन सक्दैन र सत्वको विकास






Downloaded from http://www.dhamma.digital

# The Origin of Life in Buddhist View by *Phra sujan Maharjan*

हुँदैन । यो तीन प्रकारको समूह नै कलला हो । यो कलला एउटा सानो शुद्ध पानी रुपी मासु हो । यो तोरीको तेलमा चामरीको रौं डुबाएर त्यसको चुच्चोमा बाकि भएको सानो तोरीको तेलको थोप्लो जत्रो हुन्छ भनी अट्ठकथा सारत्थपकासिनी बताउँदछ ।

यो कललाबाट सातदिन पश्चात् अब्बुदमा विकास हुन्छ । अट्ठकथानुसार शुद्ध तोरीको तेलको सानो भाग जत्रो विकास भएर अलि धमिलो बाक्लो पानीको आकारमा परिणत हुन्छ । त्यसको रंग भर्खर मासु सफा गरेको पानीको रङ्गभैं हुन्छ । यो कललबाट विकास भई सातदिन पछिको शुक्रकिटको आकार र रङ्गलाई (= पानी, शुद्ध मासु) नै अब्बुद भनिन्छ ।

त्यसपछि उक्त अब्बुद सातदिन पछि विकास भएर पेशीमा परिणत हुन्छ । यहाँ पेशीको आकार धमिलो भर्खर मासु सफा गरेको पानी जस्तोबाट एक मासुमा विकास हुन्छ । यस मासुको रंग अलि रातो र कलिलो हुन्छ ।

शूक्रकिट (= कलल) शुद्ध पानीबाट विकास हुँदै धमिलो पानी र धमिलो पानीबाट कलिलो मासुमा विकास भएको सात दिन पश्चात् पेशीमा विकास हुन्छ । यो मासुको एउटा डल्लो हो र अण्डाकारको हुन्छ ।

पेशी अवस्थामा मासुको त्यो डल्लो पातलो हुन्छ । यो विकास भएर घनमा परिवर्तन हुँदा त्यो पातलो मासु बाक्लोमा विकास हुन्छ ।



त्यही बाक्लो मासुलाई नै घन भनिन्छ । यो घनमा विकास भएको सात दिन पश्चात् पाँचवटा (दुई हात, दुई खुट्टा र एउटा टाउको) शाखामा विकास हुन्छ । त्यो पाँचवटा शाखाहरुको विकास पश्चात् सातदिन पछि शरीरको रौं, नङ्ग, नाक आदिको विकास हुन्छ । यसरी एउटा सत्व कललाबाट हरेक हप्तामा विकास हुँदै ४२ हप्तामा त्यो कललाको पूर्ण विकास हुन्छ । यही ४२ हप्ता पश्चात् उक्त गर्भासयमा जन्मिएको सत्व (प्राणी, बच्चा) जन्मन लायक हुनेछ (= १० महिना = २९४ दिन) भनी सारत्थदिपनी अट्ठकथाले -भाग १, पृष्ठ २५१-२५२) प्रष्ट्याउँछ ।

यो कललादेखि एक बच्चाको जन्मसम्मको विकासको प्रवृत्तिलाई बुद्धले जसरी वर्णन गर्नुभएको थियो त्यही रुपमा आजका आधुनिक वैज्ञानिकहरुले पनि यसै प्रकार वर्णन गरेको पाइन्छ (- तर ४२ हप्ताको वर्णन र आमा बुबाको यौन सम्पर्क पछि शुक्रकिट मिश्रणमा बदि जोड दिएको छ) । त्यसैले यो आमाको गर्भाशयको विकासको प्रवृत्तिलाई आजको वैज्ञानिक अनुसन्धानसँग यसरी तुलनात्मक अध्ययन गर्न सक्दछौं ।

| हप्ता | बौद्ध दर्शन | वैज्ञानिक दर्शन |
|---|---|---|
| १. | कलला (शुद्ध पानी) | Zygote (शुक्रकिट मिश्रण) |
| २. | अब्बुद (धमिलो पानी) | Zygote (शुक्रकिट मिश्रण दोस्रो हप्ता) |
| ३. | पेशी (कलिलो मासु) | Embryo (पाचन प्रणाली, मुटु, हात र |



Downloaded from http://www.dhamma.digital

| | | |
|---|---|---|
| | | खुट्टाको विकास) |
| ४. | घन (मासुको डल्लो) | Embryo (आँखा, कान, नाक, गाला आदिको विकास |
| ५. | पञ्चसाखा (पाँच शाखाः २ हात, २ खुट्टा र एक टाउको) | Embryo (टाउको शरीर, २ हातमा औंलाको विकास) |
| ६. | चक्खु दसक (आँखाको विकास) | Embryo (हातमा औलाको विकासावस्था) |
| ७. | सोत दसक -कानको विकासावस्था) | Embryo (यो समयमा हात अलि छोटो (= सानो हुन्छ) |
| ८. | घान दसक (नाकको विकास) | Fetus (= बच्चा) यो समय टाउकोको आकार शरीर भन्दा ठूलो हुन्छ। |
| ९. | जिव्हा दसक (जिब्रोको विकासावस्था) | Fetus (= वच्चाको लिङ्गको विकास) |
| १०-४२* | शरीरको अरु अंगहरुको क्रमिक विकासावस्था जस्तै रौं, नङ्ग आदि | Fetus शरीरमा विकास हुन बाँकी अङ्गहरुको विकासावस्था र मुटुको पूर्ण रुपमा विकास अवस्था |

* वैज्ञानिकहरुका अनुसार ४० हप्ता भित्रमा सत्व पूर्णरुपमा विकास भईसकेको हुन्छ। बुद्धधर्ममा त्यो भन्दा पनि प्रष्टरुपमा व्याख्या गरेको पाइन्छ।

यसैकारण मानिस कहाँबाट आयो ? कसरी उत्पन्न हुन्छ ? साथै सर्वप्रथम नयाँ जीवनको शुरुवात कसरी हुन्छ ? भने प्रश्नको उत्तर हामी



यहाँबाट सजिलै थाहा पाउन सक्दछौं । माथि वर्णन गरिआएअनुसार नयाँ जीवनको उत्पति जतिबेला प्रतिसन्धि विञ्ञाण (Birth Consciousness) आमाको गर्भाशयमा उत्पत्ति हुन्छ र त्यसबाट जब भवङ्ग विञ्ञाण (Life Consciousness) मा परिवर्तन वा विकास भई रुप (शरीर) मुटु र लिङ्ग गरी तीन प्रकारको विकासबाट नै नयाँ जीवनको सुरुवात हुन्छ।

यसबाट के प्रष्ट हुन्छ भने आमाको गर्भमा रहेको कलल नै मानिसको सुरुवात हो। त्यो कलल धेरै नै नरम र सूक्ष्म तथा दुरेन्वेषीय छ (Subtle and Unseen with eyes) तर पनि यो प्रतिसन्धि विञ्ञाण र भवङ्ग विञ्ञाण बस्ने ठाउँ हो।

त्यसकारण मानिसहरुको नयाँ जीवनको सुरुवात कललबाट हुन्छ र उक्त कललमा प्रतिसन्धि विञ्ञाण भवङ्ग विञ्ञाण पनि उत्पति वा संचय भएको हुन्छ।


कललको पूर्ण विकसित स्वरुपपश्चातको शरीर नै मानिसहरुको नयाँ जीवन हो । यदि कसैले यसलाई नाश गर्दछ भने त्यसको अर्थ मानिसको ज्यान लिएको सरह अकुशल कर्म हुनेछ। त्यसैकारण बुद्धधर्म र वैज्ञानिकहरुका अनुसार कलल (Zygote) लाई एक मानिसको पहिलो सिंढी (भऱ्याङ्ग) भनिएको छ । यो कलला आमाको गर्भासयमा ४२ हप्ता सम्म हरपल हरक्षण विकास हदैं जन्म लाएको हुन्छ । बुद्धधर्मानुसार गर्भमा रहुन्जेल आमाको आहार नै त्यो बालकको आहार हुन्छ भने बैज्ञानिकहरुका



Downloaded from http://www.dhamma.digital

# The Origin of Life in Buddhist View by *Phra sujan Maharjan*

अनुसार त्यो बालकलाई पाटलो मासुले ढाकेको हुन्छ र जस्मा आमाको रगतका नसाहरु छरिएर बसेको हुन्छ र रगतबाट आएको पोषण पदार्थ नै त्यस्को आहार हन्छ । बुद्धधर्मानुसार गर्भपात गर्नु प्राणीघात (मानिस) सरल हो र अकुशल कर्म संचय गरेको ठहरिन्छ ।





## बुद्धधर्मकथं न्हूगु जीवनया शुरुवात

बुद्धधर्मया संस्थापक सिद्धार्थ गौतम बुद्ध थौसिबें २६०० दँ न्हयः जम्बुद्धिपया उत्तरी भागया थौया नेपाःस्थित कपिलबस्तुइ बूगु खः । राजकुमार सिद्धार्थ थीथी शिल्पविद्याय् निपूर्ण जू । येश आरामय् जीवन हनाच्वंम्ह खः राजकुमार सिद्धार्थ । तर थ्व सांसारिक जीवनपाखेँ विरक्त जुयाः २९दँय् गृहत्याग याना ६ दँ तक अथक कुतः लिपा वय्कः सम्येकसम्बुद्ध जुयादिगु ७ हप्तालिपा सारनाथय् दकलय् न्हापां पञ्चवर्गीय भिक्षुपिन्त धर्मदेशना यानाः बिज्यात । व धुंकाः सम्येकसम्वोधी प्राप्त जूगु दिंनिसेँ ४५ दँतक थीथी गां नगर शहर जनपद आदि इत्यादी थासय् धर्मदेसना याना बिज्यात । दुःख मुक्तिया लँपुयात फूक्क देव व मनुष्ययात क्यनाः बिज्यात । भगवान बुद्धं बियाः बिज्याःगु उपदेशतय्गु मूं उपदेशत प्यंगु आर्यसत्य, प्रतिच्चसमुप्पाद व त्रिलक्षण (अनित्य दुःख व अनात्म) खः । मेगु धर्मत फुक्क थुकि हे सम्बन्धित अर्थात् दुने लानाच्वंगु दइ । न्ह्याग्गु थजु, भगवान बुद्धं ८४,००० धर्मग्रन्थयात संसार न्ह्यःने न्ह्यब्वया बिज्यातःसां बुद्धधर्मया




Downloaded from http://www.dhamma.digital

# The Origin of Life in Buddhist View by *Phra sujan Maharjan*

छगु जक आज्जु दु व खः दुःख अन्त्य यानाः निर्वाण प्राप्त यानाः परमत्थ सुख कायेगु खः ।


भगवान बुद्धं जीवनभर (४५दँ) दुःखया बारेय् उपदेशत बिया बिज्याःसां वसपोल दुःखवादी जुयाः बिमज्याः । वसपोलं दुःख गथे जुयाः ब्वलनी अर्थात उत्पन्न जुइ (दुःख समुदय) व दुःख अन्त्यया लँपु नं क्यनाः बिज्याःगु दु (दुःख निरोध गामिनी पतिपदा) । बुद्धं थीथी कथंया दुःखया व्याक्ख्या यानाः विज्याःगु अलय् ११ गू कथंया दुःख दु धकाः धया विज्याःगु दु । तर चीहाकलं धायेगु खःसा थ्व दुःख धैगु पंचउपादानखण्ड (रुप, वेदना, संज्ञा, संखार, विञ्ञाण) खः । उकिं दुःखया मूलश्रोत पञ्चखण्ड खः । पञ्चखण्ड हे बुद्धधर्म कथं जीवन खः । आः न्ह्यसः ब्वलंनी कि फुक्क दुःख हे थ्व जीवनया






उत्पतिनापं वइगु खःसा मनूया जीवन गथे शुरु जुल ? मनूं गनं वल ? मनूया जीवन गुबलेनिसें न्ह्यात ?

भगवान बुद्धया महत्वपूर्ण उपदेशतय्के प्रतिच्चसमुप्पाद नं छगू खः । पतिच्चसमुप्पादय् छगू वाक्यय् धयातःगु दु ...**विञ्ञाणपच्चया नामरुप**... अर्थात विञ्ञाणया हुनिं नामरुपया उत्पत्ति जुइ (Depending On Vinnana, Namarupa arises) विञ्ञाण धैगु विज्ञान वा चेतना अले थुइकेगु, पच्चया धैगु सम्बन्धित वा आधार व नामरुप धैगु जीवन खः । नाम (मन), रुप (शरीर) वा मनूया जीवन विज्ञानया हुनिं प्रारम्भ जुइ । अथेहे पवित्र बौद्ध ग्रन्थ त्रिपिटकया सुत्रपिटक मज्झिमनिकायलय् दूगु महातण्हासंख्या सुत्रय् भगवान बुद्धं मनूया जीवन स्वंगु अंगया पूर्ण पश्चात शुरु जुइ धकाः धयाः बिज्याःगु दु, व खः ।




१) **बा माँया शारीरिक सम्पर्क जुइगु**
(Parental Sexual Ralation)
२) **माँम्ह गर्भवति जुइ लायक्गु ई**
(Mother's Readiness to be Pregnent)
३) **न्हूगु गन्धब्बया उत्पत्ति**
(New Life Entering the Mother's Womb)




Downloaded from http://www.dhamma.digital

# The Origin of Life in Buddhist View by *Phra sujan Maharjan*

थुपिं स्वंगु अंगया पूर्णता हे 'न्हूगु जीवन' खः । **'न्हूगु जीवन'** पाली शब्द गन्धब्बया पर्यायवाची शब्द अर्थात उकिया सरल अर्थ खः । थुकिं मनूया जक जीवन मखुसे मुक्कं सत्वलोकयात कः घाइ । सत्वतः वा प्राणीत चाहे मनूत जुइमा वा जनावर फुक्कसिया छगू हे प्रकारया भवचक्र दइ व खः जन्म जुइगु व सीइगु । गुगु इलय् छम्ह प्राणीं न्हूगु जन्म काइ निश्चय नं व सी हे माः । जन्म जुइगु व सीमाःगु थ्व स्वभाविक धर्म खः । गुवलेतक क्लेश राग, द्वेष व मोहं पन्छे जुइमखु, वं हाकनं जन्म कायेहे माः ।

थन मेगु न्ह्यसः ब्वलनी मांया गर्भासयलय् गथे न्हूगु जीवनया उत्पत्ति जुल सा ? थ्वं न्ह्यसःया लिसःत्रिपिटकया सुत्रपिटकय् दूगु महानिदान सुत्रय् भगवान बुद्धं भिक्षु आनन्दयात प्रष्टरुपय् कना विज्यात । उगु खँल्हाबल्हा थुकथं दु




बुद्ध- "आनन्द ! गुगु जिं विज्ञानया हुनिं नाम-रुप जुइ धयागु खः व विज्ञानया हुनिं जुइगु नाम-रुपयात गथे लुमंके माः । यदि विज्ञान मांया कोखय् मवःगु जूसा थ्व नामरुप संचित जुइ फइला ?"

आनन्द- उत्पत्ति जुइ फइमखु भगवान !

बुद्ध- अथवा यदि विञ्ञाण मांया गर्भय् दुहां वनाः परिवर्तन वा गर्भपात जुल (निस्वयो) छु नाम-रुपया उत्पत्ति जुइ फइला ?

आनन्द- जुइ फइमखु भगवान ।

बुद्ध- अले यदि विञ्ञाण कुमार कुमारी जुइधुंकाः विञ्ञाण नष्ट वा छिन्नभिन्न जूसा छु नामरुपया बृद्धि वा विपुलना काये फइला ?

आनन्द- काये फइमखु भगवान ।

बुद्ध- आनन्द ! उकिं विज्ञान (विञ्ञाण) हे नामरुपया हुनि वा मूलहेतु खः । - दी.महा.२२३ (नेपाली)

उकिं विज्ञान नामरुपया मूलहेतु, यथार्थ रुप, नामरुपया स्वभाव खः । थ्व खँल्हाबल्हापाखेँ सत्वतय्गु जन्मया मूलहेतु हे विज्ञान खः । अथवा मांया कोखय् जन्म काःगु विज्ञानया फल हे भ्मी मनू जुयाः वइगु खः । मांया गर्भय् प्रवेश यायेगु विञ्ञाणयात प्रतिसन्धी विज्ञान धाइ (Pati sandhi-Vinnana), अथवा जन्मरुपी-विञ्ञाण (Birth consciousness) / पतिसन्धी विञ्ञाणया प्राकृतिक स्वभाव ४ गु प्रकारया दु ।






Downloaded from http://www.dhamma.digital

१. **विना रुपया** (रुप मदुम्ह) (Formless)
२. **सर्वत्र वनेगु स्वभाव** (Far Going)
३. **प्रतिक्षण उदय-व्यय जुइगु** (Appearing and disappearing moment to moment)
४. **म्हय् बास च्वनिम्ह** (Having body as the resting place)

– खु.थ.२५/१३/२०




मांया गर्भासय (कोख) हे विञ्ञाण (-चित्त सन्तति जीव) या क्षणिक आरामया थाय् खः । गन सत्वतः जन्म यायेगु ख्यँ (विर्य) यात उपजाउ याइ (Fertilized egg or zygote)। गुकी अबुपाखेंया विर्य (sperm) व मांया भ्रूण (Ovum) या छगू मिश्रण खः । उकीयात हे बुद्धधर्म कथं कलला धाई ।

Zygote अथवा युग्म शुत्रकिट यात बौद्ध वाङ्मयलय् कलल (Kalala) धाइ । थ्व कलला वा अण्डाया आकार ०.१२५ मिलिमिटर जुई।



उकिसं Chromosomes त दई । व ०. ००००२ आकारया Genes दई उकिं वंशानुगुणयात ज्योना वयाच्वोनि । थ्व Chromosomes २३ जोडा दई अलय् Chromosomes X व Y व जुया Sex छुटे जुयाच्वनि धका बैज्ञानिकपिसं धयातल । व कलल न्हय्न्हु लिपा बुलुहुँ विकास जुयाः पूर्णरुपय् विकसित जूगु कलला हे मनू खः । थ्व विकासया क्रमयात बुद्धं इन्दक यक्षयात गथे मनूया जन्म गर्भासयदुने जुइ धैगु न्हयसःया लिस त्रिपिटकया इन्दक सुत्रय् प्रष्ट जूगु दु । थुगु सुत्रय् गुकथं शुक्रकिटया विकास जूइ धैगु खँय् थुकथं वर्णन यानातःगु दु ।

> **‘पठमं कललं होति, कलला होति अब्बुदं**
> **अब्बुदा जायते पेसि, पेसि निब्बत्तती घनो**
> **घना पसाखा जायन्ति, केसा लोमा नखा’पि च ॥**

दकले न्हापां कलल जुइ, कललापाखें अब्बुदय् विकास जुइ ।
अब्बुद पाखें पेशी विकास पेशीपाखें घनय् विकास जुइ ।
घनपाखें अंग प्रत्यङ्गया विकासलिपा सँ, लुसि आदीया उत्पति जुइ ।

सं.स १५/८०३/३०३ (थाइ), इन्दक सुत्र-२३३ (नेपाली)

उकिं मनूया उत्पत्तिया शुरुवात मांया गर्भय् शुक्रकिट OVUM य् ल्वाकज्याये धुकाः दइगु Zygote वा कललपाखें शुरु जुइ । व कलल विकास जुयाः न्हय्न्हुलिपां अब्बुद अब्बुद लिपा पेशीइ विकास जुइ ।



Downloaded from http://www.dhamma.digital


पेशीइ विकास जूगु न्हय्न्हुलिपा घनय् विकास व घनपाखें पञ्च शाखाय् विकास जुइ । पञ्च शाखाय् विकास जुइधुकाः बुलुहुँ लुसि, सँ आदीया विकास जुयाः वइ । थुकथं मांया गर्भय् छम्ह मचा ९-१० ला (महिना) तक च्वनि । थुकथं व ९ - १० ला (महिना) तक गर्भय् च्वनीबलय् गुकथं जिवित च्वनेफइ ले धैगु न्ह्यसः ब्वलनेफु । थुगु न्ह्यसःया लिसः नं बुद्धं उगु इन्दक सुत्रय् प्रष्ट यानाः बिज्याःगु दु ।

**यञ्चस्स भुञ्जति माता अन्नं पानञ्च भोजनं**
**तेन सो तत्थ धापेति मातुचुच्छिग्गतो नरो ॥**

"मांमं नइगु नसात्वसात हे गर्भय् दुम्ह सत्व (मचा) या आहार जुइ ।" उकिं गर्भवति (प्वाथय् दुम्ह) मांमं परिभोग याःगु आहार हे उम्ह मचायात पोषण वा परिभोग याइ । थन मनूया शुरुवात कललापाखें शुरु जक धायेबलय् सायद भच्चा मथुइफु । व कलला गथे जुइ ? धैगु न्ह्यसःत ब्वलनेफु । थ्व कललाया खँय् गुज्वःगु खः धैगु खँय् अभिधम्मत्थविभाविनी टिकाय् प्रष्ट यानातःगु दु । उगु ग्रन्थय् कललायात उकिया आकारप्रकारयात स्वंगु ब्वय् ब्वथलातःगु दु ।

१) **कायदस्सक** (शरिरया ब्व)
२) **वत्थुदसक** (मस्तिष्कया आकारया ब्व)
३) **भाव दसक** (लिङ्ग छुटेयानाःतगु ब्व)






थुपिं स्वंगु लक्षणत कललाय् दयाच्वनी । थुपिं स्वंगु नं प्रकारया आकार वा ब्वया म्हो जुलकि कलला जुइफइमखु लिसे व सत्वया विकास जुइमखु थ्व स्वंगु प्रकारया पुचः हे कलला खः । थ्व कलला छगू चीधंगु शुद्ध लः थें रुपी ला खः । थ्व चामरीया सँ (रौं) चुकाय च्वंगु चिग्वःगु तू चिकंथें जुइ धकाः अट्ठकथा सारत्थपकासिनी धयाच्वंगु दु । थ्व कललापाखें न्हय्न्हु लिपा अब्बुदय् विकास जुइ । अट्ठकथा कथं शुद्ध तू थें लः विकास जुयाः भच्चा बुलुसेच्वंगु लखय् परिणत जुइ । थुकिया रंग नकतिनी ला सफा याःगु लःया रंग थें जूइ । थ्व कललापाखें विकास जुयाः न्हय्न्हु लिपाया रंगयात (लःशुद्ध ला) हे अब्बुद खः । थ्व धुंकाः उगु अब्बुद न्हय्न्हु लिपा विकास जुयाः पेशीइ परिणत जुइ । थन पेशीया आकार बुलुयाः नकतिनी ला सफा याःगु लःपाखें छगू लाय् विकास जुइ । थुगु लाया रंग भचा



Downloaded from http://www.dhamma.digital

ह्याउँसे च्वनी । शुक्रकिट (कलला) शुद्ध लःपाखें विकास जुयाः बुलुसे च्वंगु लः व बुलुसेच्वंगु लखं लाया विकास जूगु न्हय्न्हु लिपा पेशी विकास जुइ । थ्व लाया छगू ग्वारा खः । पेशी अवस्थाय् लाया उगु ग्वारा साल्लुसे च्वनी । थ्व विकास जुया घनय् हिलीबलय् व साल्लुसे च्वंगु ला ख्वातुसे च्वंक विकास जुइ । वहे ख्वातूगु लायात हे घन धाइ ।

थुगु घनय् विकास जूगु न्हय्न्हु लिपा न्यागू शाखाय् विकास जुइ व न्यागू शाखा धैगु निपा ल्हाः, निपा तुंति व छगः छ्यंः खः । थुकियात हे पञ्च शाखा धाइ । थुगु न्यागु शाखातय्गु विकास धुंकाः न्हय्न्हु लिपा शरीरया सँ, लुसि आदीया विकास जुइ । थुकथं छम्ह सत्व कललापाखे हरेक वालय् (हप्ताय्) विकास जुयाः ४२ वालय् व कललाया पूर्ण विकास जुइ । थ्वहे ४२ वाः धुंकाः उगु गर्भासय्लय् जन्म जूम्ह सत्व (प्राणी, मचा) जन्मे जुइ लायक जुइ (१० महिना २९४ दिं) धका सारत्थदिपनी अट्ठकथासं न्ह्यथनातःगु दु ।

थुगु कललानिसें जन्मतकया विकासया प्रबृद्धियात बुद्धं गकथं वर्णन यानाः बिज्याःगु दु थौंया आधुनिकया बैज्ञानिकतसें नं थ्वहे प्रकारं वर्णन याःगु खनेदु । उकिं थ्व गर्भासयया विकासया प्रबृद्धियात थौंकन्ह्यया वैज्ञानिक अनुसन्धाननापं थुकथं तुलनात्मक अध्ययन यायेफइ ।



| वा : (हप्ता) | बौद्ध दर्शन | वैज्ञानिक दर्शन |
|---|---|---|
| १. | कलला(शुद्ध लः) | Zygote (शुत्रकिट मिश्रण) |
| २. | अब्बुद (वुलुसेच्वंगु लः) | Zygote (शुत्रकिट मिश्रण निगूगु वाः (हप्ता) |
| ३. | पेशी (नरम,कलिलो ला) | Embryo (पाचन प्रणाली, नुगःचु ल्हाः, तुतिया विकास) |
| ४. | घन (लाया ग्वारा) | Embryo (मिखा, न्हाय्पं, न्हाय्, न्यता आदीया विकास) |
| ५. | पञ्च शाखा (न्यागू शाखा निपाल्हाः, निपा तुति व छगःछ्यं) | Embryo (छ्यो, शरीर, निपा ल्हातय् पतिंया विकास) |
| ६. | चक्खु दसक (मिखाया विकास) | Embryo (ल्हातय् पतिंया विकासावस्था) |
| ७. | सोत दसक (न्हाय्पंया विकासावस्था) | Embryo (थुगु इलय् ल्हाः भचा चीहाकः जुइ) |
| ८. | घान दसक (न्हाय्या विकास) | Fetus (मचाया थुगु इलय् छ्यो शरीरसिवें तग्वः जुइ) |
| ९. | जिव्हा दसक (जिब्रो-मेया विकासावस्था | Fetus (मचाया लिंगया विकास) |
| १०* - ४२ | शरीरया मेगु अंगतय्गु क्रमिक विकासावस्था गथेकि सँ, लसि | Fetus (शरीरय् विकास जुइ ल्यंगु अंगतय्गु विकासावस्था व नुगःचु-मुटुया पूर्णरुपय् विकासावस्था) |

* वैज्ञानिकतय्गु कथं ४० वाः दुने सत्व पूर्णरुपय् विकास जुइधुंकी । तर बुद्धधर्मय् वसिबें नं प्रष्टरुपय् व्याख्या यानाःतगु दु ।



Downloaded from http://www.dhamma.digital

# The Origin of Life in Buddhist View by *Phra sujan Maharjan*


उकिं मनू गनं वल ? गुकथं उत्पन्न जुइ व दकले न्हापां न्हूगु जीवन गुकथं उत्पन्न जुइ धैगु न्ह्यसःया लिसः भ्हीसं थनं अःपुक हे सिइके फइ । च्वय् वर्णन यानावयागु कथं न्हूगु जीवनया उत्पति गुगु इलय् पतिसन्धि विञ्ञाण **(Birth Conscioueness)** मांया गर्भासयलय् उत्पति जुइ व उगु इलय् उकिं गबले भवङ्ग विञ्ञाण (Life Conscioueness) य् हिली वा विकास जुयाः पूर्णरुप (शरीर) मुटु (नुगःचु) व लिङ्ग यानाः स्वगू प्रकारया शुरवात जुइ । अबलय् हे न्हूगु जीवन न्ह्याई ।

थुकि छु प्रष्ट याइ धाःसा मांया गर्भय् दूगु कलला हे मनूया शुरवात खः । व कलला यक्व हे नरम व शुक्ष्म दुरेन्वेषीय जुइ (Subtle and unseen with Eyes) अय्सां नं थन प्रतिसन्धि विञ्ञाण व भवङ्ग विञ्ञाण च्वनीगु थाय् खः । उकिं मनूतय्गु न्हूगु जीवनया शुरुवात कललापाखें जुइ व उगु कललाय् प्रतिसन्धि विञ्ञाण व भवङ्ग विञ्ञाण नं उत्पति वा संचय जुइ ।

कललाया पूर्ण विकसित स्वरुप लिपाया शरीर हे मनूतय्गु न्हूगु जीवन खः । यदि सुनां थुकियात नास याइसा उकिया अर्थ मनूया ज्यान काःगु सरह अकुशल कर्म लाइ । व छगू बांमलाःगु अकुशल कर्म खः ।



उकिं बुद्ध धर्म कथं व बैज्ञानिकतय्गु कथं कलला (Zygote) यात छगू मनूया न्हापांगु त्वाथः धाःगु खः । बुद्ध धर्म कथं गर्भपात यायेगु प्राणीघात मनूया अकुशल कर्म संचय यायेगु भाःपिइ ।




**सन्दर्भ पुस्तक :-**


Assist, Prof. Dr. Banjob Bannaruji, पटिच्चसमुप्पाद, जन्म, जीवित, मरण र निरन्तरता, धम्मसभा बैंकक २५३५ (थाई) ।

P.A. Payutto, Dependent Origination; The Buddhist law of conditionality, Buddha Dharma foundation, BKK, 1994.

दुण्ड बहादुर बज्राचार्य, दीघनिकाय, मज्भिमनिकाय र संयुक्तनिकाय, वीर-पूर्ण पुस्तक संग्राहलय, नेपाल २५४२ ।




Downloaded from http://www.dhamma.digital